# सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०७९

स्वीकृत मितिः- २०७९/०४/१३

प्रमाणिकरण मितिः- २०७९/०४/१८

महाकाली नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

**प्रस्तावनाः** नेपालको संविधान अनुसूची-८ मा माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकार अन्तरगत राखेको छ। उक्त व्यवस्थालाई बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) उपदफा (२) खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन तथा नियमन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको छ ।

सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिको गठन गर्नु आवश्यक भएकोले महाकाली नगरपालिकाको नगर शिक्षा ऐन २०७९ को दफा (७०) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी महाकाली नगरपालिकाको नगर शिक्षा ऐन २०७९ को दफा (२५) को कार्यान्वयन गर्न नगर कार्यपालिकाको बैठकबाट सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि २०७९ स्वीकृत गरी लागु गरेकोछ ।

## परिच्छेद १ - प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"महाकाली नगरपालिकाको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि महाकाली नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगरपालिका"** भन्नाले महाकाली नगरपालिका दार्चुलालाई सम्झनुपर्छ।

(ख) **"ऐन"** भन्नाले महाकाली नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ लाई सम्झनुपर्छ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले महाकाली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(घ) **"शाखा"** भन्नाले महाकाली नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

(ङ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा २५ बमोजिम गठन भएको समिति सम्झनुपर्छ।

(च) **"शिक्षक"** भन्नाले सिकाई सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनुपर्छ।

(छ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

(ज) **"प्रभाव क्षेत्र"** भन्नाले महाकाली नगरपालिका भित्र सम्बन्धित विद्यालयको शैक्षिक गतिविधिबाट प्रभावित र लाभान्वित हुने क्षेत्रलाई सम्झनुपर्छ ।

(झ) **"समन्वय समिति"** भन्नाले वि. व्य. स. गठनमा सर्वसम्मति निर्माणका लागि आवश्यक समन्वय र सहजीकरण गर्न यस कार्यविधि बमोजिम निर्मित समितिलाई सम्झनुपर्छ।

## परिच्छेद-२ विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

**३. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावक सहितको आम भेलाबाट सर्वसम्मत रुपमा छनौट गरेको व्यक्ति (अध्यक्ष)

(ख) अभिभावकले आफूहरुमध्येबाट सर्वसम्मत रुपमा छानी पठाएका कम्तीमा २ जना महिला सहित ५ जना (सदस्य)

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनित गरेको एकजना (सदस्य)

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरको एक जना महिला सहित २ जना (सदस्य)

ङ) विद्यालयका शिक्षकहरुले छानी पठाएका १ जना शिक्षक प्रतिनिध (सदस्य)

च) विद्यालयको प्रधानाध्यापक (सदस्य सचिव)

(२) उपदफा (१) वमोजिम गठित अध्यक्ष र सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ ।

(३) उपदफा (१) को (क) र (ख) वमोजिम अध्यक्ष तथा सदस्यको पदमा तोकिए भन्दा वढी व्यक्तिको उम्मेदवारी दर्ता भई अभिभावक भेलाबाट पाँच दिनसम्म सर्वसम्मत चयन हुन नसकेमा नगर शिक्षा समितिले उम्मेदवारहरुमध्ये उपयुक्त व्यक्तिलाई अध्यक्ष र सदस्यको पदमा सिफारिस गर्न सक्नेछ ।

(४) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आबद्धहरू मध्ये शिक्षा समितिले मनोनित गरेका एक जना महिला सहित २ जना सदस्य रहनेछन् ।

(५) यसअघि यो ऐन विपरितको प्रक्रियाबाट गठन भएका विद्यालय व्यवस्थापन समिति यो ऐन जारी भए पश्चात स्वतः खारेज हुनेछन ।

(६) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-३

**४. विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको योग्यता**

(क) पच्चीस वर्ष उमेर पुगेको नेपाली नागरिक,

(ख) प्रचलित कानून बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नभोगेको,

(ग) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु सम्बन्धित विद्यालयको प्रभावक्षेत्र भित्र बसोबास गर्ने महाकाली नगरपालिकाको स्थायी बासिन्दा हुनपर्ने,

## परिच्छेद-४

**५. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

(क) विद्यालयलाई आवश्यक आर्थिक श्रोत जुटाउने ।

(ख) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(ङ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र सोको जानकारी नगरपालिकालाई दिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको लागि निर्धारित पोशाकको कार्यान्वयन गर्ने ।

(छ) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्नको लागि नगर कार्यपालिकामा अनुरोध गर्ने,

(ज) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने

(ट) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने;

(ठ) विद्यालय कक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधा व्यवस्था गर्ने ।

(ढ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक , धार्मिक , जातीय भावनाको आधारमा विद्यालयको वातावरण प्रतिकूल हुन नदिने ।

(ण) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीहरुलाई हाजिर गराई काममा लगाउने ।

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-५

### ६. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी प्रकृया

१) सम्बन्धित विद्यालयको प्रधानाध्यापकले ऐनको दफा २५ को उपदफा (१) (क) र (ख) बमोजिमका पदाधिकारी तथा सदस्यको छनौट गर्नका लागि तत्कालको व्यवस्थापन समितिको कार्यकाल समाप्त हुनु भन्दा तीस दिन अगावै नगरशिक्षा समितिको अनुमति लिई सात दिनको सार्वजनिक सूचना दिइ विद्यालयका अभिभावक सहितको उक्त विद्यालयका प्रभाव क्षेत्र भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुको आम भेला गराउनु पर्नेछ। यस कार्यविधि बमोजिम पहिलो पटकका लागि गठन हुने विद्यालय व्यवस्थापन समितिका हकमा सो भेलाका लागि कार्यविधि स्वीकृत भएको मितिले १५ दिनभित्र प्रधानाध्यापकले नगर शिक्षा समितिबाट अनुमति लिइ सूचना प्रकाशन गरीसक्नु पर्नेछ। नगर शिक्षा समितिले अनुमति प्रदान गर्दा दफा (६) को उपदफा (४) बमोजिमको संयोजक तथा सदस्यहरु समेत तोकेर पठाउनु पर्नेछ ।

२) कुनै कारणले विद्यालय व्यवस्थापन समिति विघटन भएमा वा व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यको पद रिक्त भएमा त्यसरी विघटन वा रिक्त भएको मितिले तीस दिन भित्र रिक्त सदस्यको छनौटका लागि उपदफा (१) बमोजिम सूचना दिइ आम भेला बोलाउनुपर्नेछ।

३) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना विद्यालयले आफ्नो सूचना पार्टी, नगर कार्यपालिकाको कार्यालयमा, वडा कार्यालय तथा विद्यालयको प्रभाव क्षेत्र भित्रका नागरिकहरुको निरन्तर जमघट हुने सम्भाव्य सबै सार्वजनिक स्थलहरुमा टाँस गर्नुपर्नेछ साथै सूचना सम्प्रेषणका सम्भाव्य अन्य सबै साधनको प्रयोग गरी सूचना प्रसारण गर्नुपर्नेछ।

४) उपदफा (१) बमोजिमका सदस्य छनौट गर्ने प्रयोजनका लागि प्रधानाध्यापकलाई सहयोग गर्नका लागि नगर शिक्षा समितिको अध्यक्षले नगरसभा सदस्य/नगर शिक्षा समिति सदस्य मध्येबाट तोकेको सदस्यको संयोजकत्वमा सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति/समितिले तोकेको स्थायी शिक्षक र नगर शिक्षा समितिको अध्यक्षले तोकेको सम्बन्धित विद्यालयको प्रभाव क्षेत्र भित्रको शिक्षाप्रेमी/समाजसेवी दुईजना सदस्य सहित सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य सचिव रहने गरी एक समन्वय समिति विद्यालयमा रहनेछ।

५) उपदफा (४) बमोजिमको समन्वय समितिले उपदफा (१) बमोजिमको आम भेलाबाट ऐनको दफा (२५) को उपदफा (१) (क) र (ख) बमोजिमको अध्यक्ष तथा सदस्य पदमा छनौट हुन इच्छुक व्यक्तिहरुबाट अनुसूची-१ बमोजिमको ढाँचामा कम्तीमा दुई दिनको समयावधि

तोकी निवेदन आव्हान गर्नेछ र उक्त सूचना अनुसार व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य हुन इच्छुक ऐनको दफा (२५) को उपदफा (७) बमोजिमको योग्यता पुगेको व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा आफू मनोनित/निर्वाचित हुन इच्छुक रहेको पद (कुनै एक मात्र) समेत खोली तोकिएको समय सीमा भित्र उपदफा (४) बमोजिमको समन्वय समिति समक्ष निवेदन पेश गर्नुपर्नेछ।

६) उपदफा (५) बमोजिम प्राप्त निवेदनहरु प्रधानाध्यापकले विद्यालयको मूल दर्ता किताबमा दर्ता गर्ने/गराउने व्यवस्था मिलाउनु पर्नेछ। अभिभावक सहितको आम भेलाको उपस्थितिको अभिलेख राख्नु पर्नेछ ।

७) उपदफा ५ बमोजिम प्राप्त हुन आएका निवेदनहरु समन्वय समितिले जाँचबुझ गरी रीत नपुगेका निवेदनहरु रद्द गरी कारण सहित सम्बन्धित व्यक्तिलाई जानकारी दिनुपर्नेछ भने रीतपूर्वक दर्ता भएका निवेदनहरु पदीय रुपमा सर्वसम्मतिका लागि आम भेलामा प्रस्तुत गर्नुपर्नेछ।

८) आमभेलाबाट सर्वसम्मत भएका पदहरुलाई यथावत राख्दै सर्वसम्मत हुन नसकेका पदमा सर्वसम्मतिका लागि सम्बन्धित पदका लागि इच्छुक व्यक्ति उपदफा (७) बमोजिमका योग्य उम्मेदवारहरुसंग व्यक्तिगत तथा सामूहिक छलफलका माध्यमबाट सहमति जुटाउन समन्वय समितिलाई आम भेलाको दिन सहित पाँच दिनको समय उपलब्ध गराइनेछ।

९) उपदफा (८) बमोजिमको पाँच दिनसम्म पनि समन्वय समितिले सर्वसहमति जुटाउन नसकेमा सर्व सहमति जुटेका पद र उक्त पदमा मनोनित/निर्वाचित उम्मेदवारहरु र सर्व सर्वसम्मति हुन नसकेका पदमा ईच्छुक उम्मेदवारहरुको सूची अनुसूची-२ बमोजिमको ढाँचामा नेपाली वर्णानुक्रमअनुसार क्रमबद्ध गरी निजहरुका निवेदनको प्रतिलिपि समेत संलग्न गरी समन्वय समितिको निर्णय सहित नगर शिक्षा समितिमा पेश गर्ने गरी प्रधानाध्यापकले तीन दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्ने/गराउने व्यवस्था गर्नुपर्नेछ।

१०) उपदफा (९) बमोजिम नगर शिक्षा समितिमा पेश भएका उम्मेदवारहरु मध्ये उपयुक्त व्यक्तिलाई नगर शिक्षा समितिले उक्त पदमा सिफारिस गर्नेछ र सोको जानकारी सम्बन्धित विद्यालयलाई गराउनेछ।

११) विद्यालय व्यवस्थापन समिति सिफारिस सम्बन्धमा नगर शिक्षा समितिको बैठक तथा विद्यालय व्यवस्थापन समितिको पदाधिकारी सिफारिस सम्बन्धि कार्यविधि तथा मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२) विद्यालय व्यवस्थापन समिति सर्व सम्मतिमा वा अन्य प्रक्रियाबाट गठन भएको मितिले सात दिन भित्र समितिको पूर्ण विवरण अनुसूची-३ को ढाँचामा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले समन्वय समितिको निर्णय सहित नगर कार्यपालिकाको कार्यालयमा जानकारीका लागि पेश गर्नुपर्नेछ।

## परिच्छेद-६

**७. उम्मेदवारी दर्ता शुल्क सम्बन्धी व्यवस्था**

१) व्यवस्थापन समितिको पदाधिकारी हुन इच्छुक व्यक्तिबाट समन्वय समितिले तपसिल अनुसारको दस्तुर लिन सक्नेछः

क. व्यवस्थापन समितिको अध्यक्ष पदका लागि निवेदन गर्ने इच्छुक उम्मेदवारबाट रु. १०००

ख. व्यवस्थापन समितिको सदस्य पदका लागि निवेदन गर्ने इच्छुक उम्मेदवारबाट रु. ५००

## परिच्छेद-७

**८. विद्यालय व्यवस्थापन समितिको विघटन सम्बन्धी व्यवस्था**

१) नगर शिक्षा समितिले देहायको अवस्थामा कारण खुलाई विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सक्नेछ ।

क) प्रचलित कानून विपरित कार्य गरेमा

ख) विद्यालयको सम्पत्ति हिनामिना गरेमा

ग) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा सम्पादन गर्न नसकेमा तथा शैक्षिक वातावरण खल्बल्याएमा

घ) सम्बन्धित अधिकारीले दिएको निर्देशन पटक पटक उल्लंघन गरेमा तर विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई सफाईको मौकाबाट बन्चित गरिने छैन् ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएमा वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर शिक्षा समितिले अर्को व्यवस्था नभएसम्मको लागि अस्थायी समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद-८
## विविध

**९. कारवाही सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम कार्य सम्पादन नगर्ने पदाधिकारी/शिक्षक/ कर्मचारीलाई प्रचचलित कानुन बमोजिम कारवाही गरिनेछ।

**१०. कार्यविधिको व्याख्या तथा संशोधन सम्बन्धी व्यवसथाः** यो कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ। साथै यस कार्यविधिमा संशोधन गर्नु पर्ने वान्छनीय भएमा कार्यपालिकाले थपघट तथा संशोधन गर्न सक्नेछ ।

# अनुसूची-१

(विद्यालय व्यवस्थापन समितिको पदाधिकारीमा उम्मेदवार हुन इच्छुक व्यक्तिले पेश गर्नु पर्ने नवेदनको ढाँचा)

मिति..........................
श्री वि. व्य. स. गठन समन्वय समिति,
.................................................. विद्यालय
महाकाली नगरपालिका, वडा नं. ............ दार्चुला।

<u>विषयः उम्मेदवारी दर्ता सम्बन्धमा।</u>

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयको मिति ..................... को सूचना अनुसार आज मिति ....................... का दिन गठन हुने यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/खुला सदस्य/ महिला सदस्य पदमा सर्वसम्मत निर्वाचित हुन महाकाली नगरपालिकाको नगर शिक्षा ऐन २०७९ को दफा २५ को उपदफा ७ बमोजिम आफूलाई योग्य सम्झी मेरो नाममा सर्व सहमतिका लागि आम भेलामा प्रस्ताव पेश गरि दिन हुन तपसिल अनुसारको विवरण र मेरो नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत यसै साथ संलग्न राखी यो निवेदन पेश गर्दछुँ।

निवेदक
नामः ..................................
हस्ताक्षरः......................

<u>तपसिलः</u>

| क्र. सं. | विवरण | |
|---|---|---|
| १. | उम्मेदवार हुन चाहेको पद | ........................................ |
| २. | जन्ममिति (नेपाली नागरिकता प्रमाणपत्रका आधारमा) | ........................................ |
| ३. | निवेदन गरेको मितिमा पुगेको उमेर | ...... वर्ष ....... महिना ...... दिन |
| ४. | स्थायी ठेगाना | महाकाली नगरपालिका वडा नं.... |

नोटः एक व्यक्तिले एक पदमा मात्र उम्मेदवार हुन पाउनेछ।

# अनुसूची-२

व्यवस्थापन समितिका पदाधिकारी सिफारिसका लागि वि. व्य. स. गठन समन्वय समितिका तर्फबाट प्रधानाध्यापकले नगर शिक्षा समिति समक्ष पेश गर्ने पत्रको ढाँचा

(विद्यालयको लेटर प्याड प्रयोग गरी पेश गर्ने)

मिति.........................

विषयः वि. व्य. स. का पदाधिकारी सिफारिस सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

महाकाली नगर कार्यपालिकाको कार्यालय, दार्चुला।

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयको मिति ....................... को सार्वजनिक सूचना अनुसार मिति ....................... गतेका दिन बसेको यस विद्यालयका अभिभावक तथा विद्यालयको प्रभाव क्षेत्र भित्रका स्थायी बासिन्दाहरुको आम भेलाबाट विद्यालय व्यवस्थापन समिति गठनमा सर्वसम्मतिका लागि वि. व्य. स. गठन समन्वय समितिको मिति ....................... सम्मको नियमित प्रयासका बावजुद तपसिलका पदहरूमा तपसिल अनुसारका पदाधिकारी सर्वसम्मत चयन भएको व्यहोरा अनुरोध गर्दै सर्व सम्मत हुन नसकेका पदमा उपयुक्त उम्मेदवार सिफारिसका लागि नगर शिक्षा समितिमा पेश गर्ने व्यवस्था मिलाई दिन हुन सम्बन्धित पदका उम्मेदवारहरुको विवरण नेपाली वर्णानुक्रमअनुसार पेश गरिएको व्यहोरा अनुरोध छ।

..................

प्रधानाध्यापक

तपसिलः

सर्वसम्मत चयन भएका पद र उम्मेदवार

| क्र. सं. | पद | उम्मेदवारको नाम थर |
|---|---|---|
| १ | .............................. | .............................. |
| २ | ............................. | .............................. |
| | | .............................. |
| | | .............................. |

सर्वसम्मत चयन हुन नसकेका पद र उम्मेदवारहरुको विवरण नेपाली वर्णानुक्रमअनुसार

| क्र. सं. | पद | उम्मेदवारको नामथर |
|---|---|---|
| १ | ........................................ | ............................. |
| | | ............................. |
| २ | ....................................... | ............................. |
| | | ............................. |

नोटः यस पत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरू

१. आम भेलाका लागि विद्यालयबाट प्रकाशित गरिएको सूचनाको प्रतिलिपि - थान १

२. वि. व्य. स. गठन समन्वय समितिको निर्णयको प्रतिलिपि - थान १

३. सर्वसम्मत चयन हुन नसकेका उम्मेदवारहरूको निवेदन र निवेदन साथ संलग्न नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - थान १

# अनुसूची-३

वि. व्य. स. गठन सम्बन्धमा कार्यपालिकाको कार्यालयलाई जानकारी दिने पत्रको ढाँचा
(विद्यालयको लेटर प्याड प्रयोग गरी पेश गर्ने)

मितिः ............................

विषयः वि. व्य. स. गठन भएको जानकारी सम्बन्धमा।
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
महाकाली नगर कार्यपालिकाको कार्यालय, दार्चुला।

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयको मिति ............................ को आम भेला (र महाकाली नगरपालिकाको च. नं. ............ मिति...................... को पत्रबाट जानकारी गराइएको नगर शिक्षा समितिको मिति ....................) को निर्णय अनुसार महाकाली नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ र सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम यस विद्यालयको विद्यालय व्यवस्थापन समिति तपसिल अनुसार गठन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

..........................
प्रधानाध्यापक

तपसिलः

| क्र. सं. | पद | पदाधिकारीको नाम थर | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | ...................................... | |
| २ | सदस्य | ....................................... | खुला |
| ३ | सदस्य | ....................................... | खुला |
| ४ | सदस्य | ....................................... | खुला |
| ५ | सदस्य | ....................................... | महिला |
| ६ | सदस्य | ....................................... | महिला |
| ७ | सदस्य | ....................................... | वडा समितिबाट मनोनित |
| ८ | सदस्य | ....................................... | वि. व्य. स. ले मनोनित गरेका |
| ९ | सदस्य | ....................................... | |
| १० | सदस्य | ....................................... | शिक्षक प्रतिनिधि |
| ११ | सदस्य-सचिव | ....................................... | पदेन |

महाकाली नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम ४ बमोजिम प्रमाणिकरण गरिन्छ ।

......................